शुक्लाफाँटा नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

झलारी, कंचनपुर

शुक्लाफाँटा नगरपालिका नगर कार्यपालिकाको कार्यालय झलारी, कञ्चनपुर सुदूरपश्चिम प्रदेश, नेपाल

## विषय : एम्वुलेन्स खरिद सम्बन्धी सूचना ।

(दोस्रो पटक सूचना प्रकाशित मिति २०७९/०१/२२)

प्रस्तुत विषय सम्बन्धमा आ.व. ०७८/०७९ को स्वीकृत कार्यक्रम आपतकालिन स्वास्थ्य उपकरण सहित आधुनिक एम्बुलेन्स खरिद अनुसार यस नगरपालिकाको लागि एम्वुलेन्स थान एक सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ को उपदफा १(क ८) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ख) अनुसार क्याटलग/ब्रसर विधिवाट खरिद गर्न तपसिलको शर्तहरुको अधिनमा रहने गरि यो सूचना प्रकाशित गरिएको छ।

१. यो सूचना प्रकाशित भएको मितिले **८ दिन भित्र** आ.व. २०७८/०७९ को लागि नविकरण गरिएको फर्म दर्ता प्रमाणपत्र, आयकर प्रमाणपत्र मु.अ.कर दर्ता प्रमाणपत्र, आ.व. २०७८/०७९ को कर चुक्ता प्रमाणपत्र वा कर विवरण पेश गरेको कागजातको प्रतिलिपी सहित माग भएको स्पेसिफिकेसन, गुणस्तर, मुल्य वारेन्टी/ग्यारेन्टी तथा अन्य सुविधा सहित यसै सूचना साथ संलग्न रहेको स्पेसिफिकेसन अनुसारको सिलवन्दी क्याटलग/ब्रसर दर्ता गराउनु पर्नेछ।

२. स्पेसिफिकेसन हेरी आधिकारीक विक्रेताको सूची तयार गरिनेछ।

३. आधिकारिक मेकानिकल इन्जिनियरद्वारा प्राप्त प्राविधिक प्रस्तावको मूल्यांकन गरिनेछ।

४. सूचीको आधारमा खरिद गर्ने मालसामानको विक्रेतावाट तोकिएको मूल्यमा छुट तथा अन्य सुविधा थप हुन सक्ने विवरण सहितको आर्थिक प्रस्ताव माग गरिनेछ।

५. आर्थिक प्रस्ताव प्राप्त भएपछि मूल्यमा भएको छुट र सुविधा थपको आधारमा मूल्यांकन गरि सावजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ख ५) अनुसार न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही प्रस्तावदाता छनौट गरिनेछ।

६. मूल्याकंनको आधारमा छनौट भएको प्रस्तावदाता संग सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (४) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११० वमोजिम कार्यसम्पादन जमानत लिई खरिद सम्झौता गरिनेछ। जमानतको लागि मान्यता प्राप्त वाणिज्य बैंकवाट जारि भएको जमानत पत्र अथवा शुक्लाफांटा नगरकार्यपालिकाको कार्यालय, झलारी, कंचनपुरको एभरेष्ट वैंक झलारी शाखामा रहेको धरौटी हिसाव नं. ०५९१०१०६२०००१६ मा नगद जम्मा गरेको सक्कलै दोश्रो प्रति भौचर पेश गर्नु पर्नेछ।

७. जमानत अवधि सार्वजनिक खरिद नियमावली २०७४ को नियम ११० को उपनियम ४ अनुसार वारेन्टी अवधि भन्दा एक महिना वढि अवधिको हुनेछ।

८. निवेदन पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन माथि उल्लेख गरिएको मिति र समयमा अन्तिम मिति कायम हुनेछ।

९. म्याद नाधि र रित नपुगी प्राप्त प्रस्ताव तथा निवेदन उपर कुनै कारबाही हुने छैन।

१० कुनै वा सवै शिलवन्दी प्रस्ताव, पुरै वा आशिंक रुपमा स्वीकार गर्ने /नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

११ थप जानकारी तथा एम्वुलेन्स सम्बन्धी स्पेशिफिकेसन यस नगरपालिकाको वेवसाइड www.shuklaphantamun.gov.com वाट प्राप्त गर्न सकिनेछ।

१२ यो सूचनामा उल्लेखित हुन छुट भएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा अन्य प्रचलित कानून वमोजिम हुनेछ। यस सम्बन्धी थप वुझ्न आवश्यक भएमा यस कार्यालयको फोन नं. ०९९५४००१० मा सम्पर्क गर्न सकिनेछ।

| सि.नं. | क्याटलग नं. | विवरण | लागत अनुमान (मु.अ.कर समेत) | कार्य सम्पादन जमानत |
|---|---|---|---|---|
| १ | ०१/२०७८/०७९ | एम्वुेन्स खरिद | २०,००,०००।– | १,००,०००।– |

१२/१९

प्रमुख प्रशासकीय अधिकृत